गण्डकी प्रदेश सरकार

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालय

नवलपरासी (ब.सु.पू)

प.सं. ०८३/०८४ | फोन नः ०७८-५४१०९१

च.नं.

## आवेदन पेश गर्ने सम्बन्धी सूचना ।

*प्रथम पटक प्रकाशित मितिः २०८३/०५/२६*

प्रस्तुत विषयमा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालय, नवलपरासी ( ब.सु.पू) को चालु आ.व. २०८३/८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमको कार्यक्रमहरु संचालन गर्न ईच्छुक यस जिल्लाका पशुपन्छी तथा मत्स्यपालन सम्बन्धी फर्म, कृषक समूह, समिति तथा सहकारीहरुले यो सूचना प्रकाशित भएको मितिले ३०(तीस) दिन भित्र तोकिएको ढाँचामा परियोजना प्रस्ताव सहित देहाय अनुसारको कागजातहरुको साथ भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालय, नवलपरासी (ब.सु.पू)मा आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

| क्र. सं. | कार्यक्रमको विवरण | आवेदक/ लाभग्राही | परिमाण | बिनियोजित. बजेट | आवश्यक शर्त तथा मापदण्ड |
|---|---|---|---|---|---|
| १. | माछापालनमा संलग्न व्यवसायिहरुलाई ब्रोगिङ्ग संचालनको लागि खपत हुने विद्युत महशुलमा अनुदान | फर्म/ समूह/ समिति/कम्पनी/ सहकारी | २ लाख युनिट | ५ लाख | • मत्स्यपालनको औद्योगिक उपभोक्ताका रुपमा विद्युत मिटर जडान भएको प्रमाण।<br>• अन्य व्यवस्था "मत्स्यपालनमा प्रयोग हुने विद्युत मिटरको महशुलमा अनुदान सहयोग कार्यक्रम सञ्चालन मापदण्ड, २०८१" बमोजिम। |
| २. | कृषि ऋणमा व्याज अनुदान कार्यक्रमको निरन्तरता | कृषक/ फर्म/कम्पनी समूह/ सहकारी | ४ पटक | ४.८ लाख | • ऋणमा ब्यज अनुदानको निरन्तरता बढीमा तीन वर्षको हुनेछ।<br>• अन्य व्यवस्था "कृषि ऋणमा व्याज अनुदान कार्यक्रम संचालन मापदण्ड,२०७७" बमोजिम हुने। |
| ३. | बृहत्तर पशु विकास प्रवर्द्धन/कार्यक्रम (गाईभैसी/बाखा/माछा) फलोअप | गत आ.व मा छनोट भएका कृषकसमूह/ समिति/ सहकारी | ५ वटा | १५ लाख मात्र (प्रति लाभग्राही बढीमा ३ लाख) | • गाईभैसीको हकमा कम्तीमा ५० वटा माउ पालन गरेको र कम्तिमा दैनिक २०० लिटर दुध उत्पादन हुने गरेको।<br>• भेडाबाखाको हकमा कम्तिमा २५० वटा भेडाबाखा पालन गरेको।<br>• बंगुरको हकमा कम्तिमा ५० वटा ब्रिडर माउ वा १०० वटा फ्याटनर बंगुरपालन गरेको।<br>• ग्रामीण कुखुराको हकमा कम्तीमा ५०० कुखुरा पालन गरेको<br>• हाँसको हकमा कम्तिमा ३०० हाँसपालन गरेको।<br>• माछाको हकमा पहाडी क्षेत्रमा कम्तीमा २० रोपनी र तराई क्षेत्रमा कम्तीमा ५० रोपनी माछापालनको योजना।<br>• घाँसको स्रोत तथा नर्सरी स्थापनाको लागि एकवर्षीय घाँसको न्यूनतम ५ रोपनी,<br>• बहुवर्षीय घाँसको न्यूनतम १० रोपनी र डाले घाँसको हकमा वार्षिक १०हजार बिरुवा उत्पादन गर्नपर्नेछ।<br>• अन्य व्यवस्था "सहकार्यमा पशु विकास कार्यक्रम संचालन मापदण्ड-२०८२" बमोजिम हुने। |
| ४. | कालिगण्डकी कोरिडोर केन्द्रित पशुपन्छी तथा मत्स्य उत्पादन प्रवर्द्धन कार्यक्रम | बुलिङटर, बेंदीकाली, गैंडाकोट स्थानीय तहको कृषकसमूह/ समिति/सहकारी | २ वटा | २० लाख मात्र (प्रति लाभग्राही बढीमा १० लाख) | |
| ५. | कालिगण्डकी कोरिडोर केन्द्रित पशुपन्छी तथा मत्स्य उत्पादन प्रवर्द्धन कार्यक्रम फलोअप | गत आ.व मा छनोट भएका कृषकसमूह/ समिति/ सहकारी | २ वटा | १० लाख मात्र (प्रति लाभग्राही बढीमा ५ लाख) | |

रविन्सन अधिकारी

वरिष्ठ मत्स्य विकास अधिकृत

कार्यालय प्रमुख

गण्डकी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालय

नवलपरासी (ब.सु.पू)

प.सं. ०८३/०८४
च.नं.

फोन नः ०७८-५४१०९१

| | | | | | |
|---|---|---|---|---|---|
| ६. | उत्पादनमा आधारित प्रोत्साहन सहयोग (दुधमा) | दुग्ध उत्पादक सहकारी | ३५ लाख लिटर | १ करोड ७५ लाख | • प्रति लिटर बढीमा रु ५ मात्र<br>• प्रति दुग्ध सहकारीले बढीमा १७.५० लाख रकम भुक्तानी लिन सक्नेछ।<br>• अन्य व्यवस्था "दुध उत्पादनमा आधारित प्रोत्साहन सहयोग कार्यक्रम संचालन मापदण्ड-२०७७" बमोजिम हुने। |

पेश गर्न पर्ने आवश्यक कागजातहरु:

१. रु. १० को टिकट टाँस गरिएको निवेदन र संक्षिप्त कार्ययोजना।
२. आवेदकको संस्थाको दर्ता प्रमाणपत्र, PAN/VAT दर्ता प्रमाणपत्र र संस्था नवीकरण प्रमाणको प्रतिलिपिहरु।
३. गत आ.व. २०८२/८३ को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपिहरु।
४. कृषक समूह/समिति/सहकारी संस्थाको हकमा संचालक समितिको बैठकबाट प्रस्ताव पेस गर्ने निर्णयको प्रतिलिपि।
५. सम्बन्धित स्थानीय तहको पशु सेवा शाखा र कार्यक्रम संचालनहुने वडाको यस कार्यक्रम संचालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम संचालन गर्न उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र।
६. अघिल्ला दुई आर्थिक वर्षमा अनुदानको लागि प्रस्ताव आव्हान गरिएकोमा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र र लागत साझेदारीमा कार्यक्रम गर्ने प्रतिबद्धता पत्र।
७. थप कागजात सम्बन्धित कार्यक्रम संचालन मापदण्ड तथा कार्यालयको माग अनुसारको हुनेछ।

*नोटः यस सूचना, निवेदन तथा परियोजना प्रस्तावको ढाँचा यस कार्यालय वा वेवसाईट बाट प्राप्त गर्न सकिने छ। साथै उल्लेखित कार्यक्रमहरुको लक्ष्य, परिमाण, बजेट तथा अन्य व्यवस्था संसोधन भएमा सोही अनुसार हुनेछ।*

**विस्तृत जानकारीको लागि सम्पर्क नं- ९८५७०४८८६०, ९८५७०४८८६१, ०७८-५४१०९१ मा सम्पर्क गर्नहुन अनुरोध छ।**

*वेवसाईटः https:// vhlsecnawalparasieast.gandaki.gov.np*
*Email: vhl.nawalpur@gmail.com*

रविनसन अधिकारी
वरिष्ठ मत्स्य विकास अधिकृत
कार्यालय प्रमुख